# राष्ट्रिय आर्थिक गणना २०७५

## ७७ जिल्लाहरुमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना सम्बन्धमा

## प्रेश विज्ञप्ती

## १ चैत्र २०७४, काठमाण्डौ

केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारको तथ्याङ्क संकलन, प्रशोधन एवं सारिणीकरण गरी प्रकाशन तथा वितरण गर्ने एक प्रमुख सरकारी निकाय भएको हुँदा विभागबाट समय समयमा विभिन्न गणना, सर्वेक्षणहरु तथा अन्य स्रोतवाट तथ्याङ्कहरु संकलन गरी यसका नतिजाहरु प्रयोगकर्ता समक्ष पुऱ्याउने प्रयास भईरहेको छ । तथ्याङ्कके आधारमा योजना तर्जुमा तथा नीति निर्माण हुने भएकोले संकलित तथ्याङ्कहरु भरपर्दो तथा विश्वसनीय हुनु जरुरी छ ।  यसको लागि सम्पूर्ण तथ्याङ्कका प्रयोगकर्ता, सरोकारवाला संघसंस्था, नागरिक समाज, पत्रकार र सिङ्गो राष्ट्रकै भूमिका त्यतिकै महत्वपूर्ण हुन्छ ।

देशको आर्थिक क्रियाकलापहरुलाई मुल्यांकन गर्न र यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ । दिगोरुपमा आर्थिक तथ्याङ्कहरु उपलब्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले  सबै उद्योग, व्यवसाय, विभिन्न संघसंस्था जस्ता प्रतिष्ठानहरु जस्ता आर्थिक एकाइहरुको विवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागले **विक्रम सम्वत २०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म**  नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्ने कार्यक्रम रहेकोछ । प्रतिष्ठान व्यवसायहरूको व्यावसायिक क्रियाकलाप सम्वन्धी वर्तमान अवस्था र यसका आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउने; केन्द्र, प्रदेश तथा स्थानीयतहका सरकारहरूलाई योजना तर्जुमा र नीति निर्माण गर्न आधारभूत आर्थिक तथ्याङ्कहरू उपलब्ध गराउनु ; राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण गर्न; तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणको आधार खडा गर्नु; सम्बन्धित क्षेत्रका व्यवसायीहरू र प्राज्ञिक अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई क्रमशः व्यवसाय समृद्धिको लागि नीति तथा योजना तर्जुमा गर्न र अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कहरू उपलव्ध गराउनु राष्ट्रिय आर्थिक गणना २०७५ को मुख्य उद्देश्यहरु रहेकाछन् । यसै परिप्रेक्षमा प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ लाई सफलताका साथ सम्पन्न गर्न विभागले क्रमशः मिति २०७४ फागुन ११ देखि १६ गते सम्म मूख्य प्रशिक्षक प्रशिक्षण,  मिति २०७४ फागुन २३ देखि २७ गते सम्म जिल्ला आर्थिक गणना अधिकृत तथा सहायक कर्मचारीहरुको तालिम कार्यक्रमहरु सम्पन्न गरी ७७ जिल्लाहरुमा  मिति २०७४ चैत्र १ गते देखि ४ महिना अवधिका लागि जिल्ला आर्थिक गणना कार्यालयहरु स्थापना गर्न टोली खटाइ सकिएकोछ । यस विभागले सबै जिल्लाहरुमा राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्याङ्क संकलनको कार्यक्रम देशव्यापी सञ्चालन गर्दैछ ।

यस आर्थिक गणनामा नेपालमा क्रियाशिल सबै आर्थिक एकाइहरु (प्रतिष्ठान व्यवसायहरु) को ठेगाना, दर्ता तथा स्वामित्व स्थिति, व्यवसाय सञ्चालन अवधि, व्यवसायको प्रकार, व्यवसायको शाखा प्रशाखाको स्थिति, मूख्य आर्थिक क्रियाकलाप, रोजगारी स्थिति, पुँजी लगानी, ऋणमा पहुँच आदि सम्बन्धी विवरण संकलन गरिनेछ । नेपालको तथ्याङ्कीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका साथै अनलाइन सर्वेक्षण (e-census) मार्फत उत्तरदाताले आफ्नो व्यवसायको विवरण आफै भर्न सक्ने र गणक मार्फत ट्यावलेट कम्प्युटर प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइदै छ । **२०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म**  यस विभागबाट आर्थिक गणनाका विवरणहरु संकलन गर्न प्रत्येक घरदैलो वा प्रतिष्ठान व्यवसाय स्थलमा गणकहरु आउनेछन् । गणकहरुलाई सही र यथार्थ विवरण उपलव्ध गर्नु सरोकारवाला सबै प्रतिष्ठान तथा व्यवसायको कर्तव्य तथा दायित्व हो ।

यस आर्थिक गणनालाई सफलताका साथ सम्पन्न गर्न सबै सरोकार राख्ने नेपाल सरकारका निकायहरु, पत्रकार, उद्योगी, व्यवसायीहरु, शैक्षिक प्रतिष्ठानहरु, स्वास्थ्य व्यवसायीहरु, गैरसरकारी संस्था, साना तथा ठूला प्रतिष्ठान व्यवसायी तथा संघसंस्थाहरु र सम्पूर्ण नागरिकहरुको सहयोग तथा सदभाव रहने केन्द्रीय तथ्याङ्क विभागले अपेक्षा तथा विश्वास लिएको छ । यसका साथै तथ्याङ्क ऐन २०१५ अनुसार व्यवसायको संकलित विवरणहरु गोप्य रहने र केवल सामूहिक तथ्याङ्कीय प्रयोजनका लागिमात्र उपयोग हुनेमा केन्द्रीय तथ्याङ्क विभाग विश्वास दिलाउन चाहन्छ ।

धन्यवाद !

केन्द्रीय तथ्याङ्क विभाग

*"दिगो आर्थिक विकासको आधारका लागि राष्ट्रिय आर्थिक गणना २०७५"*